मितिः २०७५/०२/०९

## सहकार्यको समझदारी पत्र

२०४८ सालमा रूपन्देहीको बुटवल उपमहानगरपालिका-५ मा यस क्षेत्रका शिक्षाप्रेमी, समाजसेवी, तथा समाजका अगुवाहरुको सकृयतामा सामुदायिक क्याम्पसको रूपमा स्थापित भई स्नातक र स्नातकोत्तर कार्यक्रम सञ्चालन गरिरहेको सिद्धार्थ गौतम बुद्ध क्याम्पस र २०६० सालमा सैनामैना न.पा.- ६ मा समुदायद्वारा नै स्थापना भई स्नातक र स्नातकोत्तर कार्यक्रम सञ्चालन गरिरहेको शहिद नारायण पोखेल रामापुर क्याम्पसबीच शैक्षिक एवम् प्राज्ञिक उन्नयनका लागि सहकार्य गर्ने समझदारी गरिन्छ ।

यस समझदारीको परिधि, सीमा वा दायरा तपसीलका आधारमा कार्यान्वयन हुने गरी उपरोक्त दुवै क्याम्पसका क्याम्पस प्रमुखले हस्ताक्षर गरी एक एक प्रति समझदारी पत्र लियौं दियौं ।

१. स्नातक तहका शिक्षाशास्त्र र व्यवस्थापन सङ्काय तथा स्नातकोत्तर तहको शिक्षा सङ्कायका दुवै क्याम्पसका प्राध्यापकहरू आवश्यकता अनुसार एक अर्का क्याम्पसमा गई Visiting Professor (अतिथि प्राध्यापक) का रूपमा प्राध्यापन गर्ने ।
२. प्राज्ञिक उन्नयनका लागि गरिने प्राध्यापक एवं कर्मचारीहरुको प्रशिक्षणमा एक अर्का क्याम्पसका प्राध्यापक एवं कर्मचारीहरुलाई सहभागी गराउने ।
३. अतिथि प्राध्यापनको सम्पुर्ण कार्यक्रम दुवै क्याम्पसका Head of Department वा Faculty Head, सँगको समन्वयमा दुवै क्याम्पस प्रशासनको पारस्परिक सहमति अनुसार हुने ।
४. अतिथि प्राध्यापकका रूपमा प्राध्यापन गर्न जाँदाको काज एवं आर्थिक पक्ष सम्बन्धित अतिथि प्राध्यापक प्राध्यापनरत क्याम्पसले नै व्यवस्थापन गर्ने ।
५. अनुसन्धानमूलक लेख रचनाहरुलाई एकअर्का क्याम्पसको जर्नलमा प्रकाशन गर्न लिने दिने ।
६. स्नातकोत्तर तहका विद्यार्थीको अनुसन्धानात्मक कार्यका लागि आयोजना गरिने विशेष कक्षा तथा सेमिनारमा एकअर्का क्याम्पसका विद्यार्थीहरुलाई सहभागी गराउने ।
७. स्नातकोत्तर तहका विद्यार्थीको अनुसन्धानात्मक कार्यका लागि एकअर्का क्याम्पसका पुस्तकालय प्रयोग गर्न दिने ।

यो समझदारी पत्र मिति २०७५ जेठ ९ गते (हस्ताक्षर भएको दिन) देखि लागू हुनेछ ।

| | |
|---|---|
| बाबुराम पाण्डे (संस्थाको छाप) | दिनेश पन्थी (संस्थाको छाप) |
| क्याम्पस प्रमुख | क्याम्पस प्रमुख |
| सिद्धार्थ गौतमबुद्ध क्याम्पस | शहिद नारायण पोखेल रामापुर क्याम्पस |